कार्यालय प्रयोजनको लागि

# ललितपुर महानगरपालिका

## हस्तकला प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७९

नगर कार्यपालिकाको कार्यालय

पुल्चोक, ललितपुर

# ललितपुर महानगरपालिका
# हस्तकला प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७९

कला नगरीको रुपमा परिचित यो महानगरपालिका WCC-World Crafts Council को सदस्य समेत रहेको र यहाँको काष्ठकला, प्रस्तरकला, धातु (मूर्ति) कला विश्वभर नै प्रख्यात रहेकोछ। त्यस्तै यहाँ उत्पादन हुने अनेकौं प्रकारका हस्तकला सामाग्रीहरु ज्यादै लोकप्रिय छन। यस्ता कला संस्कृतिको जगेर्ना गर्दै शिल्पकारमा रहेको सिप र ज्ञानलाई नयाँ पुस्तामा हस्तान्तरण गर्दै युवाहरुलाई यस क्षेत्रमा लाग्न उत्प्रेरित गरी नगरवासीहरुको रोजगारी र आयआर्जन वृद्धि तथा कला संकृतिको जगेर्ना गर्दै हस्तकलाको विकास, प्रवर्द्धन र विस्तारमा निजी क्षेत्रसँग समेत सहकार्यका लागि हस्तकला प्रवर्द्धन सम्बन्धी कार्यविधि तर्जुमा गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिइएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो हस्तकला प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७९ जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम <u>हस्तकला प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७९"</u> रहेकोछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषा र व्याख्या</u> (१) विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;-

(क) **"उप प्रमुख"** भन्नाले ललितपुर महानगरपालिकाको उप प्रमुख सम्झनु पर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले ललितपुर महानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) **"कार्यालय"** भन्नाले ललितपुर महानगरपालिकाको नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(घ) **"कोसेली घर"** भन्नाले ललितपुर महानगरपालिका भित्र रहेका लघु घरेलु तथा साना उद्योगहरुले उत्पादन गरेका हस्तकला सम्बन्धी सामग्रीहरु प्रदर्शन तथा बिक्रीका लागि खोलिएको प्रदर्शन तथा बिक्री कक्ष वा सौगात गृह सम्झनु पर्छ।

(ङ) **"प्रमुख"** भन्नाले ललितपुर महानगरपालिकाको प्रमुख सम्झनु पर्छ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले ललितपुर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ

(छ) **"महाशाखा"** भन्नाले हस्तकला सम्बन्धी विषय हेर्ने महाशाखा सम्झनु पर्छ।

(ज) **"महानगरपालिका"** भन्नाले ललितपुर महानगरपालिका सम्झनु पर्छ।

(झ) **"समिति"** भन्नाले दफा ३ बमोजिम गठन हुने हस्तकला प्रवर्द्धन समिति सम्झनु पर्छ।

(ञ) **"संस्था"** भन्नाले दफा ७ को उपदफा (२) बमोजिम कोसेली घर व्यवस्थापनको जिम्मेवारी पाएको संस्था सम्झनु पर्छ।

(ट) **"हस्तकला"** भन्नाले महानगरपालिका भित्र परम्परागत सिप, कला र संस्कृतिमा आधारित रही व्यवसायिक प्रयोजनका लागि तयार गरिएका कलात्मक सामाग्री सम्झनु पर्छ।

३. <u>हस्तकला प्रवर्द्धन समितिः</u> (१) ललितपुर महानगरपालिका क्षेत्र भित्र रहेका हस्तकलाको विकास, प्रवर्द्धन र विस्तारका लागि देहाय अनुसारको हस्तकला प्रवर्द्धन समिति गठन हुनेछ।

(क) प्रमुख -अध्यक्ष

(ख) उप प्रमुख -सदस्य

(ग) कार्यपालिका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको तीनजना सदस्य -सदस्य

(घ) हस्तकलाक्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरु मध्येबाट प्रमुखले तोकेको ३ जना विज्ञ -सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको सम्बन्धित महाशाखा/शाखा प्रमुख -सदस्य सचिव

(२) समितिको बैठक बर्षमा कम्तीमा छ पटक वस्नेछ।

(३) बैठकमा आवश्यकता अनुसार विषयगत विज्ञ, सरोकारवाला निकाय एवम् सम्बद्ध उद्योग व्यवसायी संघ संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(४) समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने गरी सदस्य सचिवले बोलाउनु पर्नेछ।

(५) समितिको सचिवालयको काम महाशाखाले गर्नेछ।

(६) समितिले बैठक सम्बन्धी अन्य कार्यविधि आफैं निर्धारण गर्नेछ।

४. <u>**समितिको काम, कर्तव्य र अधिकारः**</u> दफा ३ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) हस्तकला प्रवर्द्धन, विकास र विस्तारका लागि दीर्घकालीन तथा अल्पकालीन नीतिको तर्जुमा तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) महानगरपालिकामा रहेका हस्तकला सम्बन्धी व्यवसाय सञ्चालनमा कुनै बाधा, अड्काउ वा अवरोध उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) हस्तकलाबाट उत्पादित वस्तुहरु बिक्री प्रवर्द्धन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको पहिचान र विस्तार गर्न भूमिका निर्वाह गर्ने,

(घ) हस्तकला प्रदर्शनीका लागि निजी क्षेत्रलाई सहयोग र सहजीकरण गर्ने,

(ङ) प्रचलित कानून बमोजिम हस्तकलाले पाउने सेवा सुविधा सहुलियत प्राप्त गर्न कुनै कठिनाइ आइपरेमा सोको निराकरणका लागि सहजीकरण गर्ने,गराउने,

(च) हस्तकला व्यवसायीहरुको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने र आवश्यकता अनुसार सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(छ) महानगरपालिका भित्र रहेका हस्तकला व्यवसायहरू, हस्तकलाकर्मीहरु लगायतको विवरण रहने गरी हस्तकला सूचना प्रणाली (HIS) को विकास गरी प्रयोगमा ल्याउने,

(ज) निजी क्षेत्रको समेत सहभागिता र समन्वयमा हस्तकला सम्बन्धी सिप हस्तान्तण (तालिम प्रदान) गर्ने,

(झ) तालिम पश्चात प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) सँग समन्वय गरी सिप परिक्षण (Skill Test) को व्यवस्था गर्ने गराउने,

(ञ) तालिम पश्चात व्यवसाय गर्न इच्छुक व्यक्तिलाई माग र आवश्यकताका आधारमा प्रविधि हस्तान्तरण, कर्जामा सहजीकरण लगायतका सेवा र टेवा उपलब्ध गराउने,

(ट) निजी क्षेत्रको समेत सहभागिता र समन्वयमा उपयुक्त स्थानमा कोसेली घर निर्माण तथा व्यवस्थापन गरी सञ्चालन गर्ने गराउने,

(ठ) विश्व हस्तकला नगरीको रुपमा परिचित यस महानगरपालिका भित्र उत्पादित हस्तकलाका सामाग्रीहरु प्रदर्शन तथा बिक्रीका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कोसेली घर स्थापना गर्न आवश्यक पहल गर्ने,

(ड) ललितपुर महानगरपालिका भित्र रहेका हस्तकला व्यवसायीहरुलाई कारोवार, रोजगारी लगायतका आधारमा मापदण्ड बनाइ सम्मान गर्ने,

(ढ) लोप हुन लागेको कला र संस्कृतिको संरक्षण तथा पुनरुत्थानमा विशेष भूमिका खेल्ने कलाकर्मीहरुको पहिचान गरी सम्मान गर्ने,

(ण) ललितपुर महानगरपालिका भित्र रहेका हस्तकला व्यवसायहरुबाट उत्पादित वस्तुहरुको सामुहिक ट्रेड मार्क (Collective Trade Mark) दर्ताका लागि सहयोग गर्ने,

(त) हस्तकला प्रवर्द्धन र संरक्षण गर्न आवश्यकतानुसार विभिन्न गोष्ठी तथा अन्तरक्रिया सञ्चालन गर्ने,

(थ) हस्तकलाको प्रवर्द्धन, विकास र विस्तारका लागि विभिन्न प्रकारका सचेतना कार्यक्रम सञ्चालन गर्ने,

(द) हस्तकलाको प्रवर्द्धन, विकास र विस्तारका सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय गर्ने,

(ध) सार्वजनिक तथा निजीस्तरमा सञ्चालन हुने विकास निर्माणमा हस्तकलाका सामग्री प्रयोग गर्न प्रोत्साहित गर्ने,

(न) ललितपुर महानगरपालिका भित्र रहेका सार्वजनिक निकाय, राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय संघ संस्थाहरुले आवश्यक वस्तु खरिद गर्दा १५% सम्म बढी मूल्य परे पनि हस्तकलाका सामान नै खरिद गर्नु पर्ने नीतिगत व्यवस्था गर्ने,

(प) संस्थाले खण्ड (न) बमोजिम हस्तकलाका सामान खरिद गर्ने निकायहरुको विवरण वार्षिक रुपमा तयार गरी समिति समक्ष पेश गर्नु पर्नेछ र सो विवरणको आधारमा सबैभन्दा बढी हस्तकलाका सामान खरिद गर्ने संघ संस्था वा निकायलाई समितिले सम्मानका लागि आवश्यक व्यवस्था गर्ने,

(फ) ललितपुर महानगरपालिका भित्र रहेका हस्तकला व्यवसायीहरुको आवश्यक विवरण सहितको Directory प्रकाशन गर्न निजी क्षेत्रलाई सहजीकरण र सहयोग गर्ने,

(ब) हस्तकला सम्बन्धी औपचारिक शिक्षाका लागि College of Art सञ्चालनका सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने,

(भ) हस्तकलाका सामानहरुको गुणस्तर नियन्त्रण तथा प्रमाणीकरणका लागि आवश्यक कार्य गर्ने गराउने,

(म) World Crafts Council का नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने,

(य) सञ्चालित कार्यक्रमको नियमित रुपमा अनुगमन गर्ने।

५. <u>हस्तकला प्रवर्द्धन कोषः</u> (१) ललितपुर महानगरपालिका भित्र हस्तकला प्रवर्द्धनका लागि देहाय बमोजिमको हस्तकला प्रवर्द्धन कोष रहनेछ।

(क) हस्तकला कोषको लागि महानगरपालिकाबाट वार्षिक रुपमा विनियोजित रकम,

(ख) निजी क्षेत्रबाट हस्तकला प्रवर्द्धनका लागि जम्मा गरेको रकम,

(ग) दफा ७ को उपदफा (४) को खण्ड (ङ) बमोजिम जम्मा गरेको रकम,

(घ) कार्यपालिकाले हस्तकला प्रवर्द्धन कोषमा जम्मा गर्ने भनी तोकिदिएको रकम,

(ङ) सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने रकम।

६. <u>हस्तकला प्रवर्द्धन सम्बन्धी कार्यक्रम तर्जुमा र सञ्चालनः</u> (१) महाशाखाले दफा ४ बमोजिमको उल्लिखित कार्यहरु सम्पादन गर्नको लागि महानगरपालिकाबाट सालवसाली रुपमा हस्तकला प्रवर्द्धनका लागि

विनियोजित बजेट र दफा ५ मा उल्लेखित कोषबाट व्यहोर्ने गरी वार्षिक नीति तथा कार्यक्रम तयार गरी समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) महाशाखाले उपदफा (१) स्वीकृत भएको वार्षिक नीति तथा कार्यक्रम उपलब्धिमूलक हुने गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्नु पर्नेछ।

७. <u>कोसेली घर सञ्चालनः</u> (१) समितिले हस्तकलाको बजार प्रवर्द्धनका लागि आन्तरिक र वाह्य पर्यटकहरुको आवतजावत बढी हुने क्षेत्रहरुको पहिचान गरी निजि क्षेत्रको सहभागिता तथा व्यवस्थापनमा कोसेली घर सञ्चालनको व्यवस्था गर्नेछ।

(२) ललितपुर महानगर भित्र रहेका हस्तकला व्यवसायीहरुको प्रतिनिधित्व गर्ने संघ/संस्थाहरु मध्येबाट कोसेलीघर सञ्चालन सम्बन्धी प्रस्ताव माग गरी उपयुक्त प्रस्ताव पेश गर्ने संस्थालाई समितिले एक पटकमा वढीमा पाँच वर्षका लागि सम्झौता गरी कोसेली घरको व्यवस्थापनको जिम्मेवारी दिन सक्नेछ।

(३) उपदफा (२) जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले यस कार्यविधि र यस कार्यविधिको अधिनमा रही गरिएको सम्झौता विपरित कार्य गरे गराएको पाइएमा समितिले एकतर्फी निर्णय गरी संस्थासँग भएको सम्झौता खारेज गर्न सक्नेछ।

तर संस्थालाई सफाई पेश गर्न मनासिव अवसरबाट बञ्चित गरिने छैन

(४) संस्थाले कोसेली घर सञ्चालन गर्दा देहाय बमोजिमका शर्तहरु पालना गर्नु पर्नेछ।

(क) कोसेली घर नियमित सञ्चालनको व्यवस्था मिलाउने,

(ख) कोसेली घरमा राखिने हस्तकला सम्बन्धी वस्तुका उत्पादक र बिक्री प्रतिनिधि/कर्मचारीहरुले पालना गर्नु पर्ने शर्त तथा आचार संहिता तयार गरी समितिबाट स्वीकृत गराई लागू गर्ने,

(ग) कोसेली घरमा रहने बिक्री प्रतिनिधि/कर्मचारीलाई पर्यटकमैत्री तथा बिक्रयकला र प्याकेजिङ्ग सम्बन्धी तालिमको व्यवस्था मिलाउने,

(घ) कोसेली घरको सरसफाईको उचित व्यवस्थापन गर्ने,

(ङ) कोसेली घरमा ललितपुर महानगरपालिका भित्र उत्पादित भएका हस्तकला सामग्रीहरु मात्र राख्ने व्यवस्थालाई कडाईका साथ पालना गर्ने,

(च) कोसेली घरमा राखिने हस्तकला सामग्रीहरु गुणस्तरयुक्त हुनु पर्ने,

(छ) महानगरापलिकामा व्यवसाय दर्ता र स्थायी लेखा नम्वर (PAN) दर्ता भएका उत्पादकहरुद्वारा उत्पादित हस्तकला सामाग्रीहरु मात्र कोसेली घरमा राखिने व्यवस्था मिलाउने,

(ज) हस्तकला सम्वर्द्धन सम्बन्धी नीतिगत, संरचनागत तथा कार्यान्वयन सम्बन्धी विषयमा समितिलाई सुझाव दिने,

(झ) कोसेली घर सञ्चालनका कारोबार, गतिविधि तथा प्रगति सम्बन्धमा आवधिक समीक्षाको व्यवस्था मिलाउने,

(ञ) संस्थाले कोसेली घरमा विक्रीका लागि प्रदर्शन गरिएका हस्तकला सामग्रीहरुको अनुसूची -१ बमोजिमको विवरण तयार गरी समिति समक्ष पेश गर्नु पर्ने,

(ट) उद्यमीहरुले नमूनाका रुपमा तयार गरेका हस्तकला सामग्रीहरुको कोसेली घरमा प्रदर्शन गर्नको लागि आवश्यक स्थान उपलब्ध गराउने र त्यसको मागको अवस्थाको जानकारी सम्बन्धित उद्यमीलाई दिने साथै अनुसूची -२ बमोजिमको विवरण तयार गरी समिति समक्ष पेश गर्नु पर्ने,

(ठ) संस्थाले कोसेली घरमा राखिने सामानको मूल्य निर्धारण गर्दा उत्पादकले निर्धारण गरेको मूल्यमा सामानको प्रकृति हेरी व्यवस्थापन खर्च वापत वढिमा १० प्रतिशत थप गरेर बिक्री मूल्य कायम गर्नु पर्ने,

(ड) संस्थाले खण्ड (ठ) बमोजिम व्यवस्थापन खर्च वापत जम्मा हुने रकम मध्ये ५० प्रतिशतले हुन आउने रकम कोसेली घर व्यवस्थापन, प्रचार प्रसार, विज्ञापन तथा प्रवर्द्धनका लागि खर्च गर्ने गरी आफ्नो नाममा रहेको बैंक खातामा जम्मा गर्नु पर्ने र

बाँकी ५० प्रतिशतले हुन आउने रकम दफा ५ बमोजिमको कोषमा रहने गरी महानगरपालिकाले तोकिदिएको बैंक खातामा जम्मा गर्नु पर्नेछ।

(ढ) कोसेली घरमा राखिएको, बिक्री भएको र मौज्दात सामानको विवरण सहित कारोवारको सम्पूर्ण विवरण समितिवाट स्वीकृत विद्युतीय प्रणाली (Software) मा राख्ने व्यवस्था मिलाउने,

तर विद्युतीय प्रणाली (Software) तयार नभएसम्म समितिले तोकिदिएको ढाँचा (Format) मा राखी मासिक रुपमा समिति समक्ष विवरण पठाउनु पर्ने,

(ण) कोशेली घरमा आगन्तुक पुस्तिका (Visitor's Book) अनिवार्य रुपमा राख्ने व्यवस्था मिलाउने र आगन्तुक पुस्तिका (Visitor's Book) मा दिइएका महत्वपूर्ण सुझावहरुको एकीकृत विवरण तयार गरी समिति समक्ष पेश गर्ने

(त) समितिले तोकिदिएका हस्तकला सम्वर्द्धन सम्बन्धी अन्य कार्यहरु गर्ने।

८. <u>कोसेली घरको अनुगमन:</u> (१) समितिले कोसेली घर सञ्चालनका सम्बन्धमा अनुगमन तथा निरीक्षणका लागि समितिका सदस्यको संयोजकत्व एक अनुगमन उपसमिति गठन गर्नेछ।

(२) उपदफा (२) बमोजिमको अनुगमन उपसमितिले नियमित अनुगमन तथा निरीक्षण गरी समितिलाई मासिक प्रतिवेदन बुझाउनु पर्नेछ।

९. <u>आम्दानी तथा खर्च:</u> (१) समितिको निर्णयानुसार हस्तकला सम्बन्धी गरिने खर्च दफा ५ बमोजिमको कोषबाट प्रचलित कानून बमोजिम खर्च गरिनेछ।

(२) कोसेली घर सञ्चालनका लागि समितिको निर्णयानुसार महानगरपालिकाको तर्फबाट व्यहोरिने खर्च दफा ५ बमोजिमको कोषबाट गरिनेछ।

१०. <u>लेखा राख्ने र लेखा परीक्षण:</u> (१) दफा ५ मा उल्लिखित कोषको लेखा प्रचलित कानून बमोजिम महाशाखाले राख्नु पर्नेछ।

(२) दफा ७ बमोजिम सञ्चालन हुने कोसेली घरको आय तथा व्ययको लेखा प्रचलित कानून बमोजिम दोहोरो लेखा प्रणालीमा राख्नु पर्नेछ। लेखा राख्ने दायित्व संस्थाको हुनेछ।

(३) उपदफा (१) बमोजिमको लेखाको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ।

(४) उपदफा (२) बमोजिमको लेखाको लेखा परीक्षण प्रचलित कानून बमोजिम दर्ता भएका दर्तावाल लेखा परीक्षकहरु मध्ये समितिले तोकेको लेखा परीक्षकबाट गराउनु पर्नेछ।

तर एउटै लेखा परीक्षकबाट लगातार तीन वर्षभन्दा वढी लेखा परीक्षण गराउन पाइने छैन।

११. **विविधः** (१) समितिले आवश्यक देखेमा हस्तकलाको प्रवर्द्धन, विकास र विस्तारमा क्रियाशिल विज्ञ तथा कर्मचारी करारमा नियुक्ति गरी कामकाज गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम हस्तकला विज्ञसँग गरिने सम्झौताका शर्तहरु समितिबाट स्वीकृत हुनु पर्नेछ।

(३) यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम हुने र अन्य विषयमा प्रचलित कानून अनुसार हुनेछ।

(४) समितिले यस कार्यविधिको प्रतिकूल नहुने गरी हस्तकला प्रवर्द्धन तथा कोसेलीघर व्यवस्थापनका सम्बन्धमा आवश्यक मापदण्ड तथा निर्देशिका तर्जुमा गरी लागू गर्न सक्नेछ।

(५) महानगरपालिकाले प्रदान गर्ने मायाको चिनो (Token of Love) उपलब्ध भएसम्म ललितपुर महानगरपालिका भित्र तयार भएका हस्तकला सामग्री प्रदान गर्नु पर्नेछ।



अनुसूची-१

दफा ७ को उपदफा (४ ) को खण्ड (ञ) सँग सम्बन्धित

हस्तकला सामाग्री बिक्री विवरण

............महिनाको मासिक बिक्री विवरण

आर्थिक बर्षः

| सि.नं. | हस्तकला सामाग्री विवरण | बिक्री भएको सामान | | | | उत्पादकको नाम र ठेगाना | सामाग्रीको सम्बन्धमा प्राप्त सुझाव (केही भए) | मागको अवस्था |
|---|---|---|---|---|---|---|---|---|
| | | एकाइ | संख्या | मूल्य | जम्मा | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

तयार गर्नेः

दस्तखतः................

नामः

पदः

प्रमाणित गर्नेः

दस्तखतः................

नामः

पदः

मितिः

अनुसूची-२

दफा ७ को उपदफा (४ ) को खण्ड (ट) सँग सम्बन्धित

**नमूनाका लागि प्रदर्शित हस्तकला सामाग्री विवरण**

**............महिनाको मासिक विवरण**

आर्थिक बर्षः

| सि.नं. | हस्तकला सामाग्री विवरण | उत्पादकको नाम र ठेगाना | सामाग्रीको सम्बन्धमा प्राप्त सुझाव (केही भए) | मागको अबस्था |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**तयार गर्नेः**

दस्तखतः................

नामः

पदः

मितिः

**प्रमाणित गर्नेः**

दस्तखतः................

नामः

पदः